कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३०३ | वि.सं. २०८१ फागुन १२ सोमवार | नेपाल संवत: ११४४, फागुन कृष्ण एकादशी | Monday 24 February 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-


## मानव अधिकार हननमा

# बैधानिक अखडा कर्णालीका कारागार

**◣ओम शाही**

**सुर्खेत, ११ फागुन ।**

नेपालको संविधान २०७२ मा सभ्य समाज निर्माणमा मानव अधिकारलाई मौलिक हकको रूपमा स्वीकार गर्न व्यापक व्यवस्था गरिएको छ। संविधानको भाग ३ मा धारा १६ देखि ४७ सम्म ३२ वटा मौलिक हकहरूको व्यवस्था गरिएको छ। संविधानमा नागरिक तथा राजनीतिक हक अन्तर्गत नागरिक स्वतन्त्रता, न्यायिक उपचारको हकदेखि निबारक नजरबन्द विरुद्धको हक, फौजदारी न्यायको हक, यातना विरुद्धको हकहरू व्यवस्था गरिएको छ।

आर्थिक, सामाजिक प्रकृतिका शिक्षा, स्वास्थ्य, आवास, स्वच्छ वातावरण सम्बन्धि हकको व्यवस्थासमेत संविधानले गरेको छ। संविधानको धारा १६ मा 'सम्मानपूर्वक बाँच्न पाउने हक' अन्तर्गत उपधारा (१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भनि स्पष्ट व्यवस्था गरिएको छ। प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हकमा स्वास्थ्य पनि जोडिएको छ।




त्यस्तै, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१) ले पनि प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने (जीवन रक्षाको) अधिकार प्रदान गरेको थियो। संविधानका यिनै व्यवस्था अनुरुप नेपालमा जुनसुकै नागरिक अर्थात सर्वसाधारण हुन् या कानुनीरुपमा अपराधी करार भएका व्यक्ति हुन्, ति सबैलाई सम्मान पूर्वक बाँच्न पाउने


▶▶ **बाँकी ३ पेजमा**


### क्षमताभन्दा तेब्बर कैदीवन्दी

कर्णालीका १० जिल्ला मध्ये आठ जिल्लामा कारागार व्यवस्थापन कार्यालय स्थापना भएका छन्। यी कारागारहरुमा क्षमताभन्दा झण्डै तेब्बरले बढी केन्दीवन्दी राखिएका छन्। जसमा सबैभन्दा बढी सुर्खेत कारागारमा कैदीवन्दीहरु रहेका छन्। इन्सेकले उपलब्ध गराएको तथ्यांकमा सन् २०२४ मा सुर्खेत कारागारमा चार सय १६ जना कैदीवन्दी रहेका छन्।

जबकी कारागार कार्यालय सुर्खेतको क्षमता जम्मा एक सय हो। कारागार कार्यालय सुर्खेतमा दुई आश्रित बालबालिकासहित तीन सय ७९ पुरुष र ३७ जना महिलाले कष्टकर वन्दी जीवन बिताइरहेका छन्। यस्तै, कारागार कार्यालय सल्यानको क्षमता २५ जनाको हो। बिडम्बना एक सय ४४ जना कैदीवन्दीलाई भेडाबाख्रा झै खादेर राखिएको छ।


▶▶ **बाँकी २ पेजमा**


## स्याउ रोपेपछि भेडापालनमा 'विप्लव'

**◣युग संवाददाता**

**जुम्ला, ११ फागुन ।**

नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' स्याउपछि भेडापालनतर्फ लागेका छन्। गत वर्ष जुम्लाको हिमा गाउँपालिका-७ धाँचुमा चार हजार स्याउका बिरुवा रोपेका विप्लव यस वर्षबाट भेडापालनमा लाग्न लागेको जनाइएको छ।

आत्मनिर्भर अर्थतन्त्रमार्फत समृद्ध मुलुक नामक अभियान चलाएको विप्लवको पार्टीले पछिल्लो समय कृषि क्षेत्रमा आफ्ना कार्यकर्तालाई लगाउन खोजेको चर्चा भइरको छ। अहिले विप्लवसहितको टोली स्याउ रोप्न जुम्ला पुगेको नेकपाका जुम्ला इन्चार्ज विर्खबहादुर शाहीले बताए।

जुम्ला पुगेका विप्लवले जनतालाई कृषिमा आत्मनिर्भर बनाउन स्याउ रोप्न आएको बताए। 'समृद्धि र विकासका लागि कठिन मेहनत र परिश्रम आवश्यकता पर्दछ,' उनले भने, 'नेकपाको नेतृत्व पक्ति जुम्लालगायत देशभर कृषि उत्पादन र पशुपालन व्यवस्थित गराउन लागिरहेको छ।'

जुम्लामा स्याउ रोपेपछि विप्लव कालिकोटको नरहरिनाथ गाउँपालिका-५ रुप्सामा भेडापालन फार्मको उद्घाटन गर्ने कार्यक्रम रहेको बताइएको छ। विप्लवले फर्मका लागि तीन सय बढी भेडा खरिद गरिसकेका छन्। जुम्लाको स्याउ र कालिकोटमा पालिने भेडा विप्लव नेतृत्वको नेकपाले काठमाडौंमा सुरु गरेको सि व्यापार केन्द्रमा बिक्रि गर्ने योजना रहेको नेकपा स्थायी कमिटी सदस्य भरत बमले बताए।

### जुम्लामा दुई हजार बढी स्याउ रोपियो

नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव सी' ले जुम्लामा स्याउका विरुवा रोपेका छन्। आइतबार स्याउ रोप्दै स्याउ रोपन कार्यक्रमको उद्घाटन गरेका हुन्। नेकपाको केन्द्रीय कार्यालयको आयोजनामा आइतबार जुम्लाको हिमा गाउँपालिका-७ धौलापानीमा करिब १३ हजार वर्गमिटर क्षेत्रफल जमिनमा २ हजार स्याउका बिरुवा र ४ सय दाँते ओखरका बिरुवा रोपेर उद्घाटन गरिएको हो।

राजनीतिक क्रान्तिसँगै आर्थिक क्रान्तिलाई नजोडेसम्म देशको स्वाधीनता र आत्मनिर्भर सम्भव नहुने विप्लवले बताए। उनले पहिला नेता र कार्यकर्तालाई कृषि उत्पादनमा जोड्ने र त्यसपछि देशभरका जनतालाई कृषि क्रान्तिमा जोडेर देशलाई आत्मनिर्भर बनाउने योजना रहेको सुनाए।विप्लवले हावापानी र मौसमअनुसारको फलफूल बालीनाली उत्पादन गरिरहेको बताउँदै भने 'अहिले हाम्रा नेता कार्यकर्तालाई देशैभर खानकै लागि कहिँ कतै माग्नुपर्ने अवस्था छैन, देशैभर सबै नेता कार्यकर्ता उत्पादनमा


▶▶ **बाँकी ३ पेजमा**





## सम्पादकीय....

# स्थानीय सरकारका उदाहरणीय काम

रुकुम पश्चिमका ६ वटा पालिकाले स्थानीयवासीको साझेदारीमा उदाहरणीय काम थालेका छन् । पालिकाहरुको संयूक्त अगुवाईमा जिल्लाको बाँफिकोट गाउँपालिका-३ मा निर्माणाधिन ३.३ मेगावाट क्षमताको स्यार्पु जलविद्युत आयोजनालले ७५ प्रतिशत प्रगति हाँसिल गरेको छ। यसले सरकार र जनता बिचको पारस्परिक सम्बन्धलाई बलियो बनाएको छ। स्थानीय तह र स्थानीयवासीको लगानीमा बन्न लागेको स्यार्पु जलविद्युत आयोजनाको बाँकी काम पुरा हुन अब २५ प्रतिशत मात्रै बाँकी छ। अब आयोजना निर्माण कार्यमा कुनै बाधा नआए तीनदेखि चार महिनाभित्रमा काम सम्पन्न हुनेछ। स्थानीय तह र स्थानीयवासीको लगानीमा शिलान्यास भएको करिब १५ महिनामा आयोजना नतिजा दिने चरणमा प्रवेश गरेको छ । जसमा ५५ प्रतिशत शेयर स्थानीय तह र ४५ प्रतिशत शेयर लगानी स्थानीयवासीको छ । यो आयोजना सम्पन्न भएपश्चात स्थानीय तहसँगै नागरिकले लाभ प्राप्त गर्नेछन् । कर्णालीमा उर्जा उत्पादनको सम्भावना अथाह रहेको भएपनि लगानी अभावले अघि बढ्न नसकेको अवस्थामा सानै भएपनि स्थानीय सरकार र स्थानीयवासीको पूर्ण लगानीमा आयोजना सम्पन्न हुने चरणमा पुग्नु एक उदाहरणीय कामका रुपमा लिन सकिन्छ। यो आयोजनाबाट वार्षिक रुपमा उत्पादन हुने एक करोड ८१ लाख ७७ हजार यूनिट विद्युत नेपाल प्राधिकरणले खरिद गर्नेछ। जसबाट वार्षिक १० करोड १५ लाख आम्दानी हुने आँकलन गरिएको छ।

जिल्ला समन्वय समितिको पूर्ण स्वामित्व रहेन गरी स्थापना भएको स्यार्पू पावर कम्पनीले जिल्लाका सबै स्थानीय तह र जिल्लाबासीको पूर्ण शेयर लगानीमा आयोजना अघि बढिरहेको छ । जसका लागि जिल्ला समन्वय समिति, आठबीसकोट नगरपालिका, चौरजहारी नगरपालिका, मुसीकोट नगरपालिका, बाँफिकोट, सानीभेरी र त्रिवेणी गाउँपालिकाले संयूक्त लगानी गरेका छन् । यो आयोजना सञ्चालनमा आए पश्चात स्थानीय तहरुले वार्षिक ६० लाख बढी रुपैयाँ आम्दानी गर्नेछन्। बाँकी व्यक्तिको शेयरका आधारमा आम्दानी वितरण गरिने छ। संविधानले स्थानीय तहलाई धेरै क्षेत्रमा एकल अधिकार दिएको छ। ति अधिकारको प्रयोग गरी स्थानीय तहले आफुलाई स्रोत सम्पन्न गराउनु उनीहरुको दायित्व हो। सोही बोजिम रुकुम पश्चिमका स्थानीय तहले प्राप्त स्रोतको पहिचान गरी स्थानीयवासीको प्रत्यक्ष सहभागितामा जलविद्युत परियोजना अघि बढाउनु कर्णालीका अन्य पालिकाका लागि सिकाई हुनसक्छ। कर्णालीका अधिकांश जिल्लामा स्थानीयको सहभागितामा अघि बढाउन सकिने साना जलविद्युत अयोजनाहरु अथाह छन् । संविधानले स्थानीय तहलाई सेवा प्रवाहको हवका रुपमा परिभाषित गरेको छ ।

यसो भनिनुको अर्थ संघ र प्रदेशबाट प्राप्त हुने अनुदानको समुचित प्रयोगमार्फत स्थानीय स्तरमा प्राप्त स्रोतको पहिचान गरी नागरिकको जीवनस्तर माथी उठाउने काम गर्नु हो । बिडम्बना यसतर्फ नभई हाम्रा स्थानीय तहले आफ्नो आन्तरिक आम्दानीलाई ख्यालै नगरी ठुला-ठुला परियोजना निर्माणका सपना बाँड्नमै समय बेतित गरिरहेका छन् । नागरिकले पनि स्थानीय तहबाट ठुला अपेक्षा राखेका छैनन्। दैनिक जनजिविकासँग जोडिने सेवा प्रवाहलाई चुस्त राखी आफ्ना क्षेत्राधिकारभित्र पर्ने प्राकृतिक स्रोत साधनको पहिचान गरी लगानीको सम्भाव्यताको आधारमा स्थानीय तहले नेतृत्व लिएर स्थानीयवासीको सहभागिता गराउन सक्ने हो भने आन्तरिक आम्दानीसँगै जनताको आयस्तरमा पनि सुधार ल्याउन सकिन्छ। यसमा स्थानीय तहले तय गर्ने बार्षिक नीति, कार्यक्रम तथा बजेटमा यस्ता विषयलाई प्राथमिकताका साथ अघि बढाउन आवश्यक छ। यसबाट स्थानीयस्तरमा रोजगारीसँगै स्थानीय तहलाई सबल बनाउन सकिन्छ। स्थानीय तहले अघि बढाएका आयोजनाहरुमा संघ र प्रदेश सरकारले पनि अपनत्व ग्रहण गर्नुपर्दछ। यसले संघीयता सवलिकरणमा टेवा पुग्दछ।

# हङ्कङ फ्लुको प्रकोप चुलिँदै



✍ **डा शेरबहादुर पुन**

केही दिनअघि एक परिचित व्यक्तिलाई एक महिनादेखि खोकीले नछोडेको भनि परामर्श लिने उद्देश्यले भेट्न आउनुभएको थियो । हातमा केही हप्ता अगाडि गरिएको स्वास्थ्य परीक्षणका केही रिपोर्टहरु पनि थिए, जसमा फ्लु परीक्षणको रिपोर्ट पनि थियो । त्यसमा हङ्कङ फ्लुको नामले परिचित इन्फ्लुइञ्जा (छोटकरीमा फ्लु भन्ने गरिन्छ) 'ए' को 'एच थ्री' प्रजाति पुष्टि थियो । सो बिरामीलाई केही दिनसम्म ज्वरो आउने, टाउको दुख्ने, घाँटी दुख्ने, जिउ दुख्ने, नाकबाट पानी बग्ने अनि खोकी लाग्नेजस्ता समस्याहरु देखिएको भनेका थिए। तर माथि उल्लेख गरे झैँ खोकी भने मसँग संवाद हुँदासमेत प्रष्टै देखिन्थ्यो । यति लामो समयदेखि निरन्तर देखिएको यो अवस्थाको खोकीलाई 'पोष्ट भाइरल कफ' भन्ने गरिन्छ। र यस्तो अवस्था हाल समुदायमा धेरैमा भएको देखिन्छ। सामान्यतया तीनदेखि आठ हप्तासम्मको निरन्तर खोकीलाई 'पोष्ट भाइरल कफ' वा 'पोष्ट इन्फेकसियोस कफ' भन्ने गरिन्छ।

सामान्यताः नेपालमा फ्लु भाइरस वर्षमा दुई पटक बढी सक्रिय हुने गर्दछ । पहिलो लहर जनवरी-मार्च महिनामा देखिने गर्दछ भने अर्को जुलाई-सेप्टेम्बर महिनामा देखिने गर्दछ । यसैले यो भाइरसलाई 'मौसमी फ्लु' पनि भन्ने गरिन्छ। फ्लु भाइरस 'ए', 'बि', 'सी' र 'डि' गरी चार प्रकारका हुन्छन् । यसमा 'ए' र 'बि' भाइरसले विशेषतः स्वास्थमा समस्या निम्त्याउने गर्दछ । फ्लु 'ए' भाइरस विभिन्न समयमा पेनडेमिकको रुप दोहोरिने गरेको विगतका अनुभवहरु छन् ।

कोभिड-१९ भन्दा अगाडि सन् २००९ मा फ्लु 'ए' अन्तर्गत 'एचवान एनवान' प्रजातिको भाइरसलाई विश्व स्वास्थ सङ्गठनले पेनडेमिक घोषणा गरेको थियो । यो भाइरसलाई शुरुमा 'स्वाइन फ्लु' भन्ने गरिएको भएता पनि पछि 'एचवान एनवान पिडिएम ०९' नामकरण गरिएको थियो। हाल यो प्रजातिको भाइरसलाई 'मौसमी फ्लु' भन्ने गरिन्छ। हरेक बर्ष फ्लुको सिजनमा यो प्रजातिको भाइरस नेपालमा देखिदै आइरहेको छ । त्यस्तै सन् १९१८ मा पनि फ्लु 'ए'अन्तर्गत 'एचवानएनवान' प्रजातिको भाइरसले महामारीको रुप लिएको थियो । भनिन्छ, यो भाइरसलाई आधुनिक इतिहासको उच्चतम घातक सङ्क्रामक रोगको रुपमा पनि लिने गरिन्छ। सो समयमा यो प्रजातिको भाइरसले विश्वको झण्डै एक तिहाइ जनसङ्ख्यालाई सङ्क्रमित गरेको अनुमान गरिन्छ । अनि झन्डै पाँच सय लाख मानिसको मृत्यु यही भाइरसका कारणले भएको पनि अनुमानित तथ्याङ्क छ।

फ्लु 'ए' भाइरसअन्तर्गत 'एचफाइब एनवान' प्रजातिको भाइरस अर्थात् 'बर्ड फ्लु' पनि पर्दछ। यो प्रजातिलाई पनि उच्च घातक सङ्क्रमणको रुपमा लिने गरिन्छ । यसको मृत्युदर ५० प्रतिशतभन्दा बढी देखिने गरेको छ। यो रोग सङ्क्रमित पन्छीबाट मानिसमा सर्ने गर्दछ। यद्यपि हालसम्म यो भाइरस मानिसबाट मानिसमा भने सहजै सरेको देखिँदैन। चाखलाग्दो कुरा के छ भने, बर्ड फ्लु पन्छीबाट मात्र मानिसमा सर्ने देखिएकामा केही महिना अगाडि अमेरिकामा गाईबस्तु वा सोको दूधबाट पनि यो भाइरस मानिसमा सरेको पुष्टि भएको थियो । उच्च घातक मानिने 'एचफाइब एनवान' बर्ड फ्लुको जोखिमको स्रोत थपिँदा मानिसको लागि यो नयाँ चुनौतीका रुपमा खडा भएको देखिन्छ।

नेपालमा सन् २०१९ मा पहिलोपटक मानिसमा 'एचफाइब एनवान' बर्ड फ्लु देखिएको थियो । तर दुर्भाग्यबस सो सङ्क्रमित युवाको भने सोही भाइरसको जटिलताबाट मृत्यु हुन गएको थियो। यस अर्थमा नेपालमा देखिएको बर्ड फ्लुको मृत्युदर शतप्रतिशत मान्न सकिन्छ। नेपालमा सन् २००९ पछि बर्सेनि कुखुरा-हाँसजस्ता पन्छीमा 'एचफाइब एनवान' बर्ड फ्लु देखिँदै आइरहेको छ । तर नेपालको कृषि क्षेत्रमा अझै पनि जैविक सुरक्षाप्रति पर्याप्त ध्यान दिने गरेको भने पाइँदैन । यसका कारणले नेपालमा 'एचफाइब एनवान' बर्ड फ्लुको जोखिम मानिसमा उच्च रहेको मान्न सकिन्छ।

**के हो त 'हङकङ फ्लु' ?**

फ्लु 'ए' भाइरसअन्तर्गत 'एचथ्री एनटु' अर्को मुख्य प्रजाति हो। नेपालमा यो भाइरस 'एचवान एनवान पिडिएम ०९' प्रजातिको भाइरससँगै बर्सेनि देखिने गर्दछ। यसलाई 'हङकङ फ्लु' को नामले पनि चिनिने गर्दछ। सन् १९६८ मा पहिलोपटक हङ्कङमा प्रकोपको रुपमा देखिएको यो भाइरसले १० देखि ४० लाख मानिसको ज्यान लिएको अनुमान गरिन्छ। तर हाल यो भाइरस पनि 'मौसमी फ्लु' का रुपमा परिणत भइसकेको छ। दुई महिना अगाडिसम्म पनि व्यापक रहेको 'एचवान एनवान पिडिएम ०९' प्रजातिको भाइरसलाई नयाँ साल सन् २०२५ लागेसँगै 'हङ्कङ फ्लु' ले तीव्र गतिमा प्रतिस्थापन गरिदिएको छ।

'हङ्कङ फ्लु' फैलन सुरु भएसँगै धेरै मानिसहरु बिरामी भई घरमा नै आराम गर्नुपर्ने अवस्था/बाध्यता सिर्जना गरिदिएको छ। माथि उल्लेख गरे झैँ धेरैलाई लामो समयसम्म खोकीले समेत नछोडेको अर्थात् 'पोष्ट भाइरल कफ' को समस्या समेत देखिने गरेको छ। 'पोष्ट भाइरल कफ' को कारणमा 'हङ्कङ फ्लु'सँगै वायु प्रदुषणको समस्यालाई पनि नजरअन्दाज गर्न भने सकिँदैन। हाल वायु प्रदूषणले नेपाल आक्रान्त भइरहेको छ।

**लक्षणहरु के के हुन् त ?**

यसमा समान्यतया सङ्क्रमण भएको दुई दिनमा फ्लुका लक्षणहरु देखिन सुरु हुन्छ । अचानक ज्वरो आउनु, खोकी लाग्नु, टाउको दुख्नु, मांशपेशीका तथा जोर्नी दुख्नु, घाटी दुख्नु, नाकबाट पानी बग्नु, बालबालिकामा विशेषतः बान्ता हुनु जस्ता फ्लु भाइरसका प्रारम्भिक तथा मुख्य लक्षणहरु हुन् । अरु लक्षणहरु केही दिनमा (एक हप्तामा) कम हुँदै जाने भए तापनि खोकी भने दुई हप्ता वा सोभन्दा बढीसम्म रहन सक्दछ। कतिपयमा भने निमोनिया वा सेप्सिस जस्तो जटिलताहरु पनि देखिने गर्दछ। ज्येष्ठ नागरिक, रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका, बालबालिका, दीर्घरोगी आदि फ्लु जटिलताको जोखिम पर्ने समूहहरु हुन् ।

**उपचार के छ त ?**

खोक्दा, हाच्छिउँ गर्दा वा सङ्क्रमितले खोख्दा र्‍यालको छिटा सतहमा रहेको र सो ठाउँलाई हातले छोई नाक मुख आँखामा छोए सङ्क्रमण सर्ने गर्दछ। तसर्थ, सङ्क्रमित व्यक्तिले खोक्दा हातको बाहुलीले छोपेर मात्र खोक्नु पर्दछ। फ्लु पुष्टि भई लक्षणहरु देखिए 'ओसेल्टेमिभिर' नामक एन्टीभाइरल औषधि दिन सकिन्छ । यो औषधि नेपाल सरकारले विशेषतः जोखिम समूहकालाई भाइरस पुष्टि भएमा निःशुल्क उपलब्ध गराउँदै आइरहेको छ । भाइरसको परीक्षण राष्ट्रिय जनस्वास्थ प्रयोगशाला (केन्द्रीय प्रयोगशाला) मा हुने गर्दछ । यद्यपि, कोभिड-१९ को लहरपछि भने निजी अस्पताल वा प्रयोगशालाहरुले पनि परीक्षण गर्ने गरेको पाइन्छ । भाइरसको जटिलताबाट बच्ने उत्तम उपाय भनेको खोप नै हो। यो खोप शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पताललगायत विभिन्न निजी अस्पतालहरुमा लगाउने गर्दछ।

अन्तमा, मध्य डिसेम्बरसम्म चार प्रतिशतको हाराहारीमा देखिएको फ्लु भाइरस सन् २०२५ लागेसँगै ह्वात्तै बढेर झण्डै ३१ प्रतिशतको हाराहारीसम्म पुगेको छ। 'स्वाइन फ्लु' अर्थात् 'एचवान एनवान पिडिएम ०९' लाई प्रतिस्थापन गर्दै 'एचथ्री एनटु' अथवा 'हङ्कङ फ्लु' हाल तीव्र गतिमा फैलिरहेको तथ्याङ्कले देखाउँछ। तीव्रता पाएको मात्र होइन, धेरै मानिसमा लक्षणले कडा रुप लिएकोसमेत देखिन्छ। अनि कतिपयमा खोकीले हप्तौँसम्म दुःख दिएको वा लम्बिएको पनि देखिन्छ। फ्लु बर्सेनि देखिने भाइरस हो र धेरैले केही दिनको आराम पनि स्वास्थ लाभसमेत गर्दछन् तर जोखिम समूहका व्यक्तिहरुले भने जटिलताको सामना गर्नुपर्ने जोखिम भएकाले सङ्क्रमित भएको अवस्थामा चिकित्सकको परामर्श लिनु उत्तम हुनेछ । फ्लुविरुद्धको खोप पनि सहज उपलब्ध भएकाले फ्लुको जटिलताबाट बच्न जोखिम समूहकाहरुले खोप लिनु सबैभन्दा राम्रो उपाय हुनेछ।

*(लेखक शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालको क्लिनिकल रिसर्च युनिटका संयोजक हुन्)*

## क्षमताभन्दा...

जसमा तीन आश्रित बालबालिकासँगै एक सय २८ पुरुष र १६ महिलाहरु रहेका छन्। कारागार कार्यालय रुकुम पश्चिमको क्षमता पनि २५ जनाको हो। यहाँ एक आश्रित बालबालिकासहित एक सय ४८ पुरुष र आठ महिला गरी कुल एक सय ४६ कैदीवन्दी राखिएका छन्। ३५ जनाको क्षमता भएको जाजरकोट कारागारमा ७७ जना कैदीवन्दी राखिएको छ।

त्यस्तै, दैलेख कारागारको क्षमता एक सय भए पनि कैदीवन्दीको संख्या भने एक सय ६३ छ। जसमा एक आश्रित बालबालिकासँगै एक सय ४७ जना पुरुष र १६ जना महिला रहेको इन्सेकको तथ्यांकमा उल्लेख छ। कारागार कार्यालय कालिकोटमा पनि क्षमताभन्दा बढी कैदीवन्दी छन्। कालिकोट कारागारको क्षमता २५रहेकोमा कैदीवन्दी संख्या भने ५४ छ। जसमा ४९ पुरुष र पाँच महिला रहेका छन्। जुम्ला कारागारको क्षमता दुई सय रहेकोमा हाल एक सय १८ पुरुष र ६ महिला गरी एक सय २४ जनाले वन्दी जीवन बिताइरहेका छन्। एक सय २० जना अट्ने क्षमताको कारागार निर्माण गर्ने भनिए पनि हुम्लामा हालसम्म कारागार कार्यालय स्थापना हुन सकेको छैन।

हुम्ला जिल्लामा कारागार नहुँदा त्यहाँका १० जना कैदीबन्दी र थुनुवालाई प्रहरी हिरासतमा राखेर मानवअधिकारको हनन् भइरहेको छ। यस्तै, डोल्पामा एक सय ५० जना अट्ने क्षमताको कारागार छ। यहाँ २५ जना कैदीवन्दी रहेका छन्। इन्सेकका अनुसार कर्णाली प्रदेशका विभिन्न कारागारमा आठ जना आश्रित बालबालिका रहेका छन्।

सन् २०२४ मा कर्णालीभर राज्य पक्षबाट १२ र अन्य पक्षबाट पाँच सय ९६ जनाको मानव अधिकार हनन् भएको छ। जसमा राज्य पक्षबाट पाँच महिला र सात पुरुष, अन्य पक्षबाट पाँच सय १५ महिला र ८१ पुरुष रहेका छन्। कर्णालीमा राज्यबाहेक अन्य पक्षबाट १८ जना घाइते भएका छन्।

यस अवधिमा एक सय वटा बालअधिकार हनन्का घटना भएका छन्। राज्य र अन्य पक्षबाट दुई जनामाथि अमानविय व्यवहार भएको छ। राज्य पक्षबाट एक र अन्य पक्षबाट तीन सय ८५ महिलाको अधिकार हनन् भएको छ।

यस्तै, राज्य पक्षबाट चार र अन्य पक्षाबट तीन जनामाथि आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकार हनन् भएको छ। राज्य पक्षबाट दुई र अन्य पक्षबाट ११ जान जातीय विभेदमा परेका छन्। एक जनाको कारागारमा मृत्यु भएको छ। यस्तै, राज्य पक्षबाट चार र अन्य पक्षबाट ४३ जना कुटपिटमा परेका छन्, भने २७ जनाको हत्या भएको छ।

## विश्व

# कर्मचारीले आफ्नो कामको औचित्य प्रमाणित गर्नुपर्ने वा जागिर गुमाउनुपर्ने मस्कको भनाइ

**वासिङ्टन, ११ फागुन ।**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका अर्बपति सल्लाहकार एलन मस्कले अमेरिकी संघीय निकायका सबै कर्मचारीले आफ्नो कामको औचित्य पुष्टि गर्नुपर्ने वा जागिर गुमाउनुपर्ने बताएका छन् ।



विश्वका सबैभन्दा धनी व्यक्ति तथा ट्रम्पका सबैभन्दा ठुला दाता मस्कले अनावश्यक सरकारी कर्मचारीलाई बिदा (बर्खास्त) गर्ने प्रयासको नेतृत्व गरेका छन् ।

'सबै संघीय कर्मचारीहरूले चाँडै एक इमेल प्राप्त गर्नेछन् जुन उनीहरूले गत हप्ता के गरेका थिए भनेर बुझ्न अनुरोध गर्दछ। जवाफ दिन असफल भएमा त्यसलाई राजीनामाको रूपमा लिइनेछ,' मस्कले लेखेका छन् ।

एएफपीलाई उपलब्ध गराइएको इमेलको प्रतिलिपिमा संघीय कर्मचारीहरूलाई ' उनीहरूले अघिल्लो हप्ता गरेका लगभग पाँचवटा मुख्य का पेस गर्न' भनिएको छ ।

अमेरिकाको 'अफिस अफ पर्सनल म्यानेजमेन्ट (ओपिएम)'बाट आएको उक्त इमेलमा 'तपाईंले गत हप्ता के गर्नुभयो ?' भन्ने शीर्षक थियो । जवाफ दिने समयसीमा सोमबार राति ११:५९ थियो, यद्यपि सन्देशमा त्यसो गर्न असफल भएमा जागिरबाट हटाउन भनिएको थिएन। ओपिएमले शनिबार साँझ एएफपीको प्रतिक्रियाको अनुरोधको तत्काल जवाफ दिएन ।

सबैभन्दा ठुलो संघीय कर्मचारी युनियन, ' अमेरिकन फेडेरेसन अफ गभर्नमेन्ट एम्प्लोइज (एएफजिई)' ले राष्ट्रिय अध्यक्ष एभरेट केलीको एक वक्तव्यमा कुनै पनि गैरकानुनी बर्खास्तीलाई चुनौती दिने प्रतिबद्धता जनाएको छ।

केलीले मस्क र ट्रम्प प्रशासनको आलोचना गर्दै यो कदमले 'संघीय कर्मचारीहरू र उनीहरूले अमेरिकी जनतालाई प्रदान गर्ने महत्त्वपूर्ण सेवाहरूप्रति उनीहरूको घोर अपमान' भएको बताएका थिए ।

उनले भनेका छन्, 'निजामती सेवामा आफ्नो दोस्रो बर्दीधारी लाखौँ भूतपूर्व सैनिकहरूलाई आफ्नो जीवनको एक घण्टा पनि इमानदार सार्वजनिक सेवा नगरेका यी अछुतो, विशेषाधिकार प्राप्त अनिर्वाचित अर्बपतिलाई आफ्नो (कर्मचारीको) जागिरको जिम्मेवारीको औचित्य साबित गर्न बाध्य पार्नु क्रूर र अपमानजनक छ।'

धेरै संघीय कर्मचारीहरूले एएफपीलाई बताएअनुसार उनीहरूका एजेन्सीहरूले इमेलको जवाफ नदिन र थप निर्देशनको प्रतीक्षा गर्न सल्लाह दिएका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – अनुभवी व्यक्तिहरूको सहयोगले विद्यार्थीहरूको करियरलाई लिएर सही मार्गदर्शन मिल्नेछ। व्यापारिक लेनदेनमा अरुमाथि विश्वास नगर्नुहोला।

**वृष** – कार्यक्षेत्रमा गरेको योगदानको राम्रो प्रतिफल मिल्नेछ । मनमा उब्जेको कौतुहलताबाट छुटकारा मिल्नेछ । यात्रा गर्दा आफ्नो सामानको जिम्मेवारी

**मिथुन** – मेहनतले सजिलै लक्ष्यमा पुऱ्याउनेछ । प्रेमी वा प्रेमिकासँग मनमुटाव हुने समय रहेको छ। व्यापारमा उधारो कारोबार बढ्ने योग छ।

**कर्कट** – गुमाएको प्रतिष्ठा हासिल गर्न सक्नुहुनेछ । समयमा कार्य सम्पादन नहुनाले चिन्ता रहनेछ । स्वास्थ्यको लागि आहारविहारमा ध्यान पुऱ्याउनुहोला।

**सिंह** – रिसाएका इष्टमित्रहरूलाई प्रसन्न पार्न सकिनेछ । अहंकार वा लोभमा आएर लाभकारी योजनाहरू गुमाउन सक्नुहुनेछ।

**कन्या** – रिसाएका इष्टमित्रहरूलाई प्रसन्न पार्न सकिनेछ। अहंकार वा लोभमा आएर लाभकारी योजनाहरू गुमाउन सक्नुहुनेछ।

**तुला** – कार्यक्षेत्रमा लगनशीलताले कार्य गर्नुहोस् कार्यमा सफलता मिल्नेछ । आकस्मिक धनलाभ हुनेछ । लामो समयदेखि चलिरहेको सम्पत्ति सम्बन्धित विवाद सुल्झिनेछ।

**वृश्चिक** – सबैको सल्लाहले निर्णय लिनुहोला। सकारात्मक सोचले अगाडि बढ्नुहोस् सफलता मिल्नेछ । शुभचिन्तकबाट सोचेजस्तो सहयोग र साथ नमिल्ला।

**धनु** – व्यापार व्यवसायमा नयाँ कामको सुरुवात हुनेछ। राज्य पक्षबाट शुभ समाचार सुन्न पाउनुहुनेछ। सकारात्मक रहनुहोस् मुद्दा मामिलामा सफलता पाइनेछ।

**मकर** – आत्मविश्वासको साथमा कार्य प्रारम्भ गर्नुहोस् सफलता मिल्नेछ। समाजमा प्रतिष्ठा बढ्नेछ। गाह्रो समयमा आफन्तहरूको सहयोग मिल्नेछ।

**कुम्भ** – सम्बन्धमा चलिरहेको मनमुटाव सुल्झिनेछ। व्यापार व्यवसायमा पारदर्शिता राख्नुहोस् । अरुलाई सल्लाह दिनदेखि बच्नुहोस् । शेयरबजारबाट लाभ मिल्ला ।

**मीन** – नोकरी वा पेशामा पदोन्नतिका योग छन् । आयस्रोत बढ्नेछ। उपलब्धिका लागि दोहोर्‍याएर काम गर्नुपर्ला।

# कम्दी करिडोरमा ९५ वटा क्यामेरा जडान

**युग संवाददाता**
**बाँके, ११ फागुन ।**

जिल्लाको राप्तिसोनारी गाउँपालिका-३ बैसाको हरियाली सामुदायिक वनको कम्दी करिडोरमा ९५ वटा क्यामेरा जडान गरिएको छ। करिडोरमा वन्यजन्तुको आहोरदोहोरको अवस्था, बासस्थान, संरक्षण, विविध गतिविधि अवलोक गर्ने उद्देश्यले यहाँ क्यामेरा जडान गरिएको हो।



जिल्लास्थित डिभिजन वन कार्यालयका डिभिजनल वन अधिकृत शङ्करप्रसाद गुप्ताले उक्त क्यामेरा जडानबाट मानव र वन्यजन्तुबीच हुने द्वन्द्व न्यूनीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे। उनले जिल्लामा दिगो वन व्यवस्थापनका थुप्रै कार्य डिभिजन वन कार्यालयको मातहतमा रहेका सबडिभिजन वन कार्यालयले गर्दै आएको बताए।

उनका अनुसार राष्ट्रिय वन व्यवस्थापनअन्तर्गत सामुदायिक वनको काठ दाउरा सङ्कलन गर्ने काम गत कात्तिकदेखि जिल्लामा सुरु गरिएको छ। त्यस्तै सामुदायिक वनका समूह, पदाधिकारी, उपभोक्तालाई वन व्यवस्थापन तथा सुशासनका सम्बन्धमा, संस्था सञ्चालन प्रक्रियाका बारेमा जानकारी दिन अन्तक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिएको उनले जानकारी दिए।

"जिल्लाका विभिन्न ठाउँमा गरी आठ वटा नर्सरीबाट स्थानीय मागअनुसारको उच्च मूल्यका बिरुवा उत्पादन गर्न सुरु भइसकेको छ", वन अधिकृत गुप्ताले भने, "आठवटै नर्सरीमा आठ लाख बिरुवा उत्पादन गर्न सुरु भएको छ। कुनै ठाउँमा बिरुवा छर्ने तयारी गरिएको छ भने कुनै ठाउँमा बिरुवालाई प्लास्टिकमा राखेर सुरक्षित गर्ने काम गरिएको छ।" सहरी क्षेत्रमा लगाउने बिरुवाहरू उत्पादन गरिएको पनि उनले बताए।

राप्तिसोनारी-९ ढकेरीमा वनक्षेत्रको अतिक्रमण हटाएर बनाइएको उच्च प्रविधिको नर्सरीलाई श्रीखण्डको बिरुवा उत्पादनका लागि विशेष रूपमा निर्माण गरिएको डिभिजनल वन अधिकृत गुप्ताले जानकारी दिए। करिब एक हेक्टर क्षेत्र अतिक्रमण गरी निर्माण भएका सात टहरा हटाएर उक्त हाइटेक नर्सरी निर्माण गरी चालु आर्थिक वर्षदेखि श्रीखण्डको बिरुवा उत्पादन सुरु गरिएको उनले बताए। उनका अनुसार जिल्लामा आयआर्जनका लागि सामुदायिक वनमा लाहा खेती पनि सुरु गरिएको छ। बाघ तथा आहार प्रजातिको अनुगमन तथा संरक्षणका लागि वन परिसरका विभिन्न स्थानमा क्यामेरा जडान गरिएको गुप्ताले बताए। "हामीले यो स्तरको अनुगमनको काम कम्दी करिडोरमा गरेका थिएनौँ। यसले बाघको सङ्ख्या, घनत्व र आहारका विषयमा जानकारी दिनेछ। साथै बाघ र आहारका प्रजाति पनि के-कति छन् ? भन्ने जानकारी लिन सकिन्छ।" यसरी क्यामेरा 'ट्र्यापिङ' गरेर काम गर्दा मानव र वन्यजन्तुबीच हुने द्वन्द्व न्यूनीकरणमा सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे। उनका अनुसार कम्दी करिडोर भारत र नेपाललाई जोड्ने वन क्षेत्रका रूपमा मानिन्छ।

जुलोजिकल सोसाइटी अफ लण्डन (जेडएसएल) का कार्यक्रम अधिकृत सञ्जय कँडेलले कम्दी करिडोरमा जडान गरिएको क्यामेरा ट्र्यापिङले यस क्षेत्रमा बाघले विचरण गरेको छ वा छैन भन्ने कुरा पत्ता लाग्ने बताए। "जैविक मार्ग भनेको आफैँमा वन्यजन्तु राख्नेभन्दा पनि वरपरका वन्यजन्तुलाई आवतजावत गराउन सक्षम छन् कि छैनन् भन्ने विषय महत्त्वपूर्ण हो। बाघ तथा अन्य वन्यजन्तुहरू कुन दिशाबाट विचरण गरेका छन् भन्ने कुराको अध्ययन गर्न सजिलो हुन्छ", उनले भने, "आहार प्रजातिको अध्ययनले भोलिका दिनमा त्यो क्षेत्रमा कत्तिको बाघहरू ओहोरदोहोर गर्न सक्छन् भन्ने जानकारी प्राप्त हुन्छ।"

वन तथा वातावरण मन्त्रालय लुम्बिनी प्रदेशका सचिव मोहनराज काफ्लेले स्थानीय सरकारले ऐन र कार्यविधि बनाएर वन वातावरण र जैविक विविधताका क्षेत्रमा काम गर्दै आएका बताए। वन र वन्यजन्तुको उचित संरक्षणसँगै पछिल्लो समय बढ्दै गएको मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरणका लागि सबैको समन्वयात्मक प्रयास आवश्यक हुनुपर्नेमा उनले जोड दिए।

उनले भने, "मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरणका लागि मन्त्रालयले वन्यजन्तुको व्यवस्थापन, बासस्थान र संरक्षणका क्षेत्रमा काम गर्दै आएको छ।" व्यवस्थापनका लागि प्राविधिक सहयोग बाँके र बर्दियास्थित राष्ट्रिय निकुञ्ज, राष्ट्रिय प्रकृति संरक्षण कोषलगायत साझेदार संस्थाबाट आर्थिक सहयोग लिइएको उनले जानकारी दिए।

"बाघहरू बस्दा पनि उनीहरूलाई आहारा चाहिन्छ। बाघको सङ्ख्या निर्धारण गर्ने एउटा प्रमुख तत्व आहार प्रजाति भएको हुनाले अनुगमनमा पनि आहार समावेश गरिएको हो", जेडएसएलका कार्यक्रम अधिकृत कँडेलले भने। उनका अनुसार अहिले बाघ तथा आहार प्रजातिको अनुगमनमा कम्दी करिडोर र आसपासको करिब ३५ हजार हेक्टर वन क्षेत्रमा ९५ वटा क्यामेरा जडान गरिएका छन्। जडान गरिएको मितिदेखि १५ दिनसम्म क्यामराबाट अनुगमन गरिने र प्राप्त विवरण सार्वजनिक गरिने उनको भनाई छ।

# नेप्से परिसूचक ११ अङ्कले बढ्दा कारोबार रकम पनि बढ्यो

**युग संवाददाता**
**काठमाडौँ, ११ फागुन ।**

यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अङ्कले बढ्दा कारोबार रकम पनि बढेको छ। नेप्से परिसूचक ११ दशमलव ६६ अङ्कले बढेर दुई हजार सात सय ५५ दशमलव ४० को विन्दुमा कायम भएको हो।



आइतबार तीन सय २८ कम्पनीको दुई करोड १२ लाख छ हजार कित्ता शेयर एक लाख आठ हजार नौ सय १३ पटक खरिद बिक्री हुँदा रू ११ अर्ब ५४ करोड ८३ लाख ३७ हजार छ सय १२ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

आइतबारको कारोबारमा बैंकिङ शून्य दशमलव शून्य तीन, लगानी एक दशमलव ३३, जीवन बिमा शून्य दशमलव ८६, उत्पादन तथा प्रशोधन दुई दशमलव ७८, म्युचुअल फण्ड शून्य दशमलव शून्य दुई, निर्जीवन बिमा शून्य दशमलव १३ र अन्य समूह तीन दशमलव ७२ प्रतिशतले बढेको छ। अरु सबै समूहको उपसूचक घटेको छ।

विकास बैंक शून्य दशमलव ४८, वित्त शून्य दशमलव ४५, होटल तथा पर्यटन शून्य दशमलव ५०, जलविद्युत् शून्य दशमलव ५६, लघुवित्त शून्य दशमलव ६६ र व्यापार समूह एक दशमलव ३२ प्रतिशतले घटेको हो।

गार्डियन माइक्रो लाइफइस्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने रिलायन्स फाइनान्स लिमिटेडको शेयर मूल्य सात दशमलव २४ प्रतिशतले घटेको छ।


## मालपोत कार्यालय सुर्खेतको ३५ दिने सार्वजनिक सूचना

वीरेन्द्रनगर नगरपालिका वडा नं. १२ बस्ने दल बहादुर सोमैको नाति जित बहादुर सोमैको छोरा प्रकाश सोमैले हाम्रा/मेरा बाबु जित बहादुर सोमैका नाउँमा जग्गा दर्ता भएको र निजको मिति २०८१/१०/०९ मा मृत्यु भएको हुँदा मृतकका नामको जग्गामा हक लाग्ने निजका हकवाला एकमात्र हकदार प्रकाश सोमै मात्र भएकोले हाम्रा/मेरा नाउँमा नामसारी गरी पाउँ भन्ने बेहोराको एकलौटी नामसारीको मिति २०८१/११/०९ को निवेदन भएको।
यस कार्यालयबाट कारबाही हुँदा यस कार्यालयको मिति २०८१/११/११ को आदेश अनुसार यो ३५ दिने सार्वजनिक तथा हकदारको नाउँको सूचना प्रकाशित गरिएको छ। मृतक जित बहादुर सोमैको नाउँको तपशिलको जग्गामा हक लाग्ने हकदार अरु कोही भए यो सूचना टाँस गरिएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र प्रमाण काजग सहित यस कार्यालयमा उजुरी गर्न आउनुहोला। यो सूचनाको म्याद भित्र उजुरी/दाबी नगरेमा नियामनुसार भैइजाने व्यहोरा हकदार र अरु सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| जग्गा धनीको नामथरः | गा.वि.स. | वडा नं. | कित्ता नम्बर | क्षेत्रफल |
|---|---|---|---|---|
| | **जग्गाको विवरण** | | | |
| जित बहादुर सोमै | जर्बुटा | २ क | १५६९ | २५३.९८ |

यस जग्गा धनी एकमात्र श्रीमती टिका सोमै नागरिकता प्रमाणपत्र नम्बर ६४१०१७।८४२६७, सुर्खेत मिति २०७५/०४/१८ देखि घर छाडी सम्पर्कमा नरहेको, निज जध जित बहादुर सोमै र टिका सोमैबाट जाय जन्म भएका एकमात्र छोरा प्रकाश सोमै र एकमात्र छोरी पुजा सोमै रहेकोमा माथी उल्लेखित पुरै घरजग्गाका हकदार निवेदक प्रकाश सोमैले आफ्ना नाममा एकलौटी नामसारी गर्न निवेदन दिएकोमा यो सूचना प्रकाशन गरिएको।


## महासचिव...

लागेका छौँ।' महासचिव विप्लवले जगा उपलब्ध गराउने हिमा गाउँपालिका-७ धांचुगाउँकी कृष्ण कौरा शाहीलाई धन्यवाद दिए। उनले भने 'उनी शहीद परिवार पनि हुनुहुन्छ, उनले हामीलाई जग्गा उपलब्ध गराउनुभयो, विशेष धन्यवाद छ।

उत्पादन वृद्धि नभइ मुलुक र जनताको समृद्धि सम्भव नहुने कुरामा विश्वास राख्दै विप्लवले कृषि क्रान्तिको यात्रालाई कर्णालीको जुम्लामा पुऱ्याएको बताए। 'उर्बर बाँझो जग्गालाई उपभोग गरिने छ,' जुम्ला पुगेका विप्लवले भने, 'यसले किसानहरुमा पनि सकारात्मक सन्देश प्रवाह गर्ने छ।

हामी गरेर देखाउने छौँ,उत्पादन वृद्धिबाट मात्रै समाज र राष्ट्रको उन्नति सम्भव छ। त्यसैलाई मध्यनजर गरी उर्वर जुम्लाको बाँझो भूमिलाई उपभोग गर्न र स्याउमार्फत समृद्धि हासिल गर्न खेती गर्न लागिएको हो।' तीनै तहका सरकारले उत्पादनशील क्षेत्रमा लगानी गर्न नसकेको उनको ठम्याइ छ। 'अब सबै पार्टीले गाउँगाउँमा उत्पादन वृद्धिका लागि जाँगर चलाउने अभियान ल्याउन जरुरी छ,' उनले भने, 'हाम्रो पार्टी अब उत्पादन वृद्धिका क्षेत्रमा बढी केन्द्रित हुन्छ।'

नेताहरुमा काम गर्ने, श्रम गर्ने पद्धतिको विकास हुन सकेमात्र जनता उत्साहित हुनाका साथै आत्मनिर्भर खेतीतर्फ उन्मुख हुने उनको बुझाइ छ। महासचिव चन्दसँगै स्थायी समिति सदस्य सन्तोष बुढामगर,महासचिव विप्लवकी पत्नीसहितको टिम जुम्ला आइपुगेको छ।

# जुम्लाको दुर्गम गाउँ सडक सञ्जालमा जोडियो

**युग संवाददाता**
**जुम्ला, ११ फागुन ।**

जिल्लाका ग्रामीण भेगमा पर्ने गाउँबस्तीमा यातायातको पहुँच पुगेको छ। स्थानीय सरकारले गाउँमा पुग्ने ग्रामीण सडक निर्माण गरेपछि पछिल्लो समयमा यहाँका आठवटै स्थानीय तहका ६० का मुकाम राष्ट्रिय सडक सञ्जालमा जोडिएका छन्।

साठी वडामध्ये तिला गाउँपालिका-६, ७, ८ र ९ वडामा जोड्ने सडक तिला गाउँपालिका-१ रारामा तिला नदीमाथि मोटरेबल पक्की पुल निर्माण भएपछि यहाँका दुर्गम भेगमा पर्ने गाउँबस्ती लामो समयपछि सडक सञ्जालमा जोडिएको तिला गाउँपालिका अध्यक्ष मोतीलाल रोकायाले जानकारी दिए।

यहाँका सबै वडापालिकासम्म कच्च (अफरोड) सडक निर्माण भएपछि सार्वजनिक यातायात सेवा सञ्चालन हुन थालेका छन्। यसअघि यहाँको सदरमुकाम खलङ्गा हुँदै कर्णाली राजमार्ग जुम्ला-नाग्म सडकखण्ड र नाग्म-गमगढी मूल सडकमा मात्रै सार्वजनिक सवारीसाधन सञ्चालन हुने गरेका थिए।

अब यहाँका ग्रामीण सडकमा (अफरोड) पनि सार्वजनिक यातायातका साधन सञ्चालन गर्न थालिएको गाउँपालिका अध्यक्ष रोकायाको भनाइ छ।

जुम्लामा रहेको नमस्ते हिमचितुवा यातायात प्रालिले यहाँका मुकाम खलङ्गा हुँदै पालिकाको ग्रामीण भेगमा पर्ने कुडारीको डुग्रीसम्म सार्वजनिक यातायात सेवा सञ्चालन गर्न थालेको हिमचितुवा यातयात प्रालिले जनाएको छ।

सोही यातायातले खलङ्गाबाट रारालिहि, रारालिहिबाट मानेचौर, राँसा मालापानीसम्म सार्वजनिक यातायात सेवा सञ्चालन गर्न थालेको हिमचितुवा यातयातले जनाएको छ।


अनुसुची–१५
(दफा ३३ को उप –दफा (२) सँग सम्बधिन्त)

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१/११/१२**

श्री वर्मा सामुदायिक वन उपभोक्ता समूह कुशे गा.पा.-६, जाजरकोटको सामुदायिक वन बाट २०८०/०८१ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको सल्ला गोलिया काठ ए ग्रेड सल्ला जातको गोलिया काठ ८२ थानको १६६२.२७ क्यूफिट, बी ग्रेड सल्ला जातको गोलीया काठ १०७ थानको १०४८.०४ क्यूफिट गरी कुल सल्ला जातको गोलिया काठ कुल १८९ थानको २७१०.३१ क्यूफिट काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस श्री वर्मा सामुदायिक वन उपभोक्ता समूहको कार्यालय कुशे गा.पा.-६, जाजरकोट, कुशे सब-डिभिजन वन कार्यालय, भार्मा जाजरकोटको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री वर्मा सामुदायिक वन उपभोक्ता समूह**
**कुशे गा.पा.-६, जाजरकोट।**


# नारायणमा अन्तरसम्वाद कार्यक्रम

**युग संवाददाता**
**दैलेख, ११ फागुन ।**

नारायण नगरपालिका वडा नं. ६ मा आइतबार किशोर र वयस्क पुरुषविच अन्तरसम्वाद कार्यक्रम सम्पन्न भएको छ।

आवाज संस्था अन्तर्गत सकारात्मक लैङ्गिक मापदण्डहरुको प्रवर्द्धन, लैङ्गिक हिंसाको रोकथाम र यसका सेवाहरुको पहुँच अभिवृद्धि परियोजनाको आयोजनामा भएको सो कार्यक्रममा सहभागि किशोर र वयस्क पुरुषहरुलाई प्रशिक्षक कर्ण वहादुर खत्रीले दुईवटा उमेर समुहका व्यक्तिहरुलाई एकैठाउमा राखेर अन्तर सम्वाद गर्दा समाजमा हुने जुनसुकै हिंसा न्युनिकरणमा सहयोग पुग्ने भएकाले यसप्रति साझा धारणा विकास गर्न खोजिएको जानकारी दिए।

सो कार्यक्रममा वडा न. ६ का वडा सदस्य कृष्णप्रसाद सुवेदीले समाजमा हुने जुनसुकै हिंसा र हानिकारक अभ्यासलाई रोक्न घर घरवाट शुरु गर्नुपर्ने बताएका थिए।

## मानव...

हक छ। बिडम्बना स्वर्णिम अक्षरले संविधानमा लेखिएका तिनै हकहरुको उपयोग भने नागरिकले अझै गर्न पाएका छैनन्। यसको पुष्टि हालै मानवअधिकार र सामाजिक न्यायका क्षेत्रमा काम गर्दै आएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा सार्वजनिक ३३ औँ नेपाल मानवअधिकार वर्ष पुस्तक २०२५ ले गर्दछ।

सन् २०२४ मा मानव अधिकार स्थितीका बारेमा अध्ययन गरिएको उक्त पुस्तकमा कर्णालीका कारागारमा बैधानिकरुपमै मानव अधिकार हनन् मा राज्य नै उद्दत रहेको देखाउँछ। कर्णालीका कारागारको क्षमता ६ सय ५० जनाको रहेपनि हाल एक हजार ९९ कैदीबन्दीले असहज थुनुवा जीवन बिताउन बाध्य हुनुपरेको उक्त पुस्तकमा उल्लेख गरिएको छ।

कारागारमा क्षमताभन्दा बढी कैदीवन्दी राखिने र त्यसका कारण सिर्जित समस्या समाधानमा राज्यले चासो नदिदा मानव अधिकार हनन् भइरहेको इन्सेकको निष्कर्ष छ। वर्षौ पहिलो निर्माण गरिएका कारागार जीर्ण अवस्थामा रहनु तथा दिनानुदिनु थपिरहने कैदीवन्दीहरुको चापले खान, बस्न, शौचालय प्रयोग लगायतका समस्या रहेको इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवेदी बताउँछन्। 'कर्णालीका कारागारमा क्षमताभन्दा बढी कैदीहरू राखिएका छन्,' उनी भन्छन्, 'क्षमताभन्दा बढी कैदीवन्दी हुँदा स्वास्थ्य सेवा, भोजन, सरसफाइ तथा अन्य आधारभूत सेवा उपलब्ध गराउन आवश्यक न्यूनतम संसाधनहरूको प्रायः अभाव रहने गरेको छ। शिक्षा, पुनर्स्थापना कार्यक्रम तथा काम गर्ने अवसरजस्ता अन्य आवश्यकताहरू विरलै पूरा गरिएका छन्।'

कारागार प्रशासनले सुरक्षा संवेदनशिलतालाई ध्यान नदिदा कारागारभित्रै वन्दीको मृत्यु हुने अवस्था सिर्जना हुनु आफैमा मानव अधिकार हनन् भएको सुवेदी बताउँछन्। 'निश्चित कोठा भित्र थुनेर राखिएको छ। उनीहरुलाई यताउती गर्न दिइदैन। समयमा खान बस्न अथवा उपचारको कुरा होला। त्यहाँ भित्र पाउनुपर्ने सेवा सुविधा दिने विषयहरु जस्तो छ, त्यसलाई यथावत राखिएको छ। विभिन्न अनुगमन गर्ने निकायहरुबाट सुझावहरु दिइएको हुन्छ। तर, ति सुझावहरु प्रभावकारीरुपमा कार्यान्वयन गरेको पाइदैन,' संयोजक सुवेदीले भने।

क्षमताभन्दा बढी कैदीवन्दीकै कारण कारागारभित्र झडपका घटनाहरु बढ्दै गएको उल्लेख गर्दै उनले यसमा कारागार व्यवस्थापन पक्षले अन्देखा गरिरहेको बताए। 'थुनेर मात्रै राखिएको छ। कारागारभित्र गइसकेपछि सुधार गृहको रुपमा विभिन्न आयआर्जन मुलक व्यवसायिक तालिम, व्यवहारिक तथा नैतिक शिक्षाको व्यवस्था गर्नुपर्ने हो,' उनले भने, 'यसले उनीहरुलाई कागारबाट मुक्त भएपछि समाजमा स्थापित हुन सहज हुन्छ। तर, यस्तो नभई उनीहरुलाई थुनेर मात्रै राखिए जस्तो देखिन्छ।

यसो हुँदा भोली उनीहरु समाजमा गएर पुनः अपराधिक गतिविधिमा संलग्न हुने खतरा उत्तीकै छ।' अपराधमा संलग्न भएकाहरुलाई सुधार गर्न खोलिएका कारागारहरु सुधार केन्द्र नभई यातनास्थल जस्ता बनेको उनको भनाई छ। संवैधानिक व्यवस्थाअनुसार ज्येष्ठ नागरिक कैदीले सजाय छुट पाउनुपर्ने भएपनि कार्यान्वयनमा ढिलासुस्तीले सयौं कैदीवन्दीले सुविधाबाट बञ्चित हुनुपरेको सुवेदीले बताए। विभिन्न समयमा भएका अध्ययनले दिएका कारागार सुधारका प्रतिवेदन दराजमा थन्किदा खुला कारागारको अवधारणाले मूर्त रुप पाउन नसकेको उनको भनाई छ।


## गुर्भाकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**शुभाघाट, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

## आशयपत्र सम्बन्धि सूचना

**(मितिः २०८१।११।११)**

गुर्भाकोट नगरपालिकाको आ व २०८१।०८२ को उद्योग तथा व्यवसाय प्रवर्द्धन शाखाको वार्षिक स्वीकृत उप प्रमुख उद्यमशिलता तथा युवा स्वरोजगार कार्यक्रम अन्तरगत यस नगरपालिकाको वडा नं ६ र ८ मा सञ्चालन हुने हलुका सवारी साधन ड्राईभिङ्ग तालिम र वडा नं १३ मा सञ्चालन हुने आधारभूत कम्प्यूटर तालिम कार्यक्रम सञ्चालनका लागि यही मिति २०८१।११।०१ मा प्रकाशित सूचना अनुसार रीतपूर्वक पेश भएका सिलबन्दी प्रस्तावहरुको मूल्याङ्कन भई तपसिल बमोजिमको प्रस्तावदाताहरुको प्रस्ताव छनौट गरिएको हुदाँ सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने आशयपत्रको सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि.नं | फर्म/संस्थाको नाम तथा ठेगाना | तालिम सञ्चालन गर्नु पर्ने वडा | तालिमको विषय |
|---|---|---|---|
| १ | पर्फेक्ट म्यानपावर ट्रेनिङ्ग सेन्टर प्रा लि, तारकेश्वर-१०, मनमैजु, काठमाडौं | गुर्भाकोट न.पा वडा नं-६, सुर्खेत | हलुका सवारी साधर ड्राईभिङ्ग |
| २ | पर्फेक्ट म्यानपावर ट्रेनिङ्ग सेन्टर प्रा लि, तारकेश्वर-१०, मनमैजु, काठमाडौं | गुर्भाकोट न.पा वडा नं-८, सुर्खेत | हलुका सवारी साधर ड्राईभिङ्ग |
| ३ | पर्फेक्ट म्यानपावर ट्रेनिङ्ग सेन्टर प्रा लि, तारकेश्वर-१०, मनमैजु, काठमाडौं | गुर्भाकोट न.पा वडा नं-८, सुर्खेत | महिलाहरुका लागि अटो चालक सीप विकास तालिम |
| ४ | आई टी नेपाल कम्प्यूटर ईन्स्टिच्यूट, गुर्भाकोट न.पा-१३, सुर्खेत | गुर्भाकोट न.पा वडा नं-१३, सुर्खेत | आधारभूत कम्प्यूटर तालिम |

**प्रमुख प्रशासकीय अधिकृत**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# खेल मैदान नहुँदा प्रतियोगिता गराउनै सकस

**युग संवाददाता**
**कञ्चनपुर, ११ फागुन ।**

कञ्चनपुर क्रिकेट खेलाडी उत्पादन गर्ने थलोका रुपमा पनि परिचित छ। अहिले पनि नेपालको राष्ट्रिय क्रिकेट टोलीमा कञ्चनपुरका चार खेलाडी छन् । दीपेन्द्रसिंह ऐरीदेखि विनोद भण्डारी, प्रदीप ऐरी, भीम सार्की यहीँका उत्पादन हुन् । कञ्चनपुरमा क्रिकेटको क्रेज ग्रामीणस्तरसम्म छ। तर यहाँ खेल मैदान बनाउने विषय भने प्राथमिकतामा पर्न सकेको छैन।

महेन्द्रनगरस्थित कबर्डहलमा भएको एउटै खेल मैदानमा क्रिकेट र फुटबल खेल्नुपर्ने बाध्यता छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिनिधित्व गर्ने कञ्चनपुरका खेलाडीले प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेपनि जिल्लास्तरमा भने खेल संरचनाको अवस्था भने दयनीय छ। कुस्ती, क्रिकेट, फुटबल र भलिबल जस्ता खेलका राष्ट्रिय टिमहरुमा कञ्चनपुरकै खेलाडीको वचर्स्व छ। जिल्ला क्रिकेट सङ्घका अध्यक्ष वीरेन्द्रबहादुर चन्दले खेल मैदान नहुँदा प्रतियोगिता गराउन निकै समस्या खेप्नु परेको बताए। "कुनै प्रतियोगिता सञ्चालन गर्नुपर्‍यो भने हामीसँग खेल मैदान छैन", चन्दले भने, "कबर्डहलमा एउटा खेल मैदान छ त्यसैमा क्रिकेट, फुटबलसबैखेल खेल्नुपरेको छ।"

आगामी शुक्रबारदेखि क्रिकेट सङ्घले कर्पोरेट क्रिकेट प्रतियोगिता आयोजना गर्दैछ। उक्त



प्रतियोगिताका लागि खेल मैदान नहुँदा सुदूरपश्चिम विश्वविद्यालयको खेल मैदानमा प्रतियोगिता सञ्चालन गर्नुपरेको छ।

"क्रिकेटका खेलाडी उत्पादनका लागि विभिन्न प्रतियोगिता सञ्चालन गर्दै आएका छौँ, तर खेल मैदान अभावकै कारण प्रतियोगिता सञ्चालनमा कठिनाइ हुने गरेको छ", उनले भने। क्रिकेट र फुटबलका लागि छुट्टाछुट्टै खेल मैदान हुनुपर्नेमा एउटै मैदानमा खेलाडीले प्रशिक्षण गर्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ।

महेन्द्रनगरस्थित कबर्डहल परिसरमा क्रिकेट मैदानका लागि जग्गा रहेपनि मैदान निर्माणहुन सकेको छैन। आर्थिक वर्ष २०७६/७७ मा राष्ट्रिय खेलकुद परिषद्ले बजेट विनियोजन गरी सुदूरपश्चिम क्षेत्रीय खेलकुद विकास समिति धनगढीमार्फत ठेक्का आह्वान गरेर क्रिकेट मैदान निर्माण थालेपनि अहिलेबजेटलगायतका कारणले निर्माण अघि बढेको छैन।

कबर्डहलमा गुरुयोजना भन्दा बेग्लै केही संरचना बनेका कारण क्रिकेट मैदान बनाउन विनियोजित रु एक करोडभन्दा बढी बजेट माटो भरानमै सकिएपछि बाँकी काम अघि बढ्न सकेको छैन। क्रिकेट मैदान निर्माणस्थलमै जिल्ला खेलकुद विकास समितिले माछा पोखरी निर्माणका लागि जग्गा ठेक्कामा दिँदा अहिले क्रिकेटमा आएको रकम पोखरी पुर्नमासमेत खर्च भएको देखिन्छ। सरकारले भौतिक पूर्वाधार लगायतको सेवासुविधामा ध्यान दिनुपर्ने जिल्ला खेलकुद विकास समितिका सदस्य विकास महताले बताए। "क्रिकेटमा मात्रै होइन कञ्चनपुरमा फुटबललगायतका अन्य खेलमा पनि राम्रो खेलाडी उत्पादन भइरहेका छन्", उनले भने।

उनले खेलकुद र खेलाडीको विकासमा राज्यको ध्यान नपुग्दा खेलाडी अन्यत्र पलायन हुने अवस्था आएको बताए। "हरेक खेलमा यहाँका थुप्रै खेलाडी नेपालका विभागीयटिममार्फत राम्रो पदर्शन गरिरहेका छन् ।" उनले भने, "राजनीति नगरी खेलकुदको विकासका लागि सबैले लाग्न जरुरी छ।"

क्रिकेट फुटबलमा मात्रै होइन अन्य खेलमासमेत प्रशिक्षणका लागि ठाउँ नहुँदा समस्या झेल्नु परेको छ। कुस्तीमा सबैभन्दा बढी मेडल ल्याउनेमा कञ्चनपुर पर्छ। तर कञ्चनपुरमै कुस्ती प्रशिक्षणका लागि संरचना बन्न सकेका छैनन। कुस्ती प्रशिक्षण राजेन्द्रबहादुर चन्दले भने-"अहिले टाईगन्डोको हलमा प्रशिक्षण गरिरहेका छौँ।" उनले साँझ बिहानको पालो मिलाएर टाईगन्डोको हलमा प्रशिक्षण गरिरहेको बताए। "सबैभन्दा बढी पदक प्राप्त गर्नेमा यहीँका खेलाडी छन्, तर यहाँ एउटा पनि प्रशिक्षण केन्द्र बन्न सकेको छैन", उनले भने।

कुस्ती प्रशिक्षणका लागि गत आर्थिक वर्षमा रु १० लाख रकम आए पनि रु सात लाख बराबरको मात्रै काम भएको थियो। चालु आर्थिक वर्षमा बजेट नै आउन नसक्दा उक्त प्रशिक्षण केन्द्रको काम अघि बढ्न सकेको छैन।

महेन्द्रनगरस्थित कबर्डहलको जग्गा जिल्ला खेलकुद विकास समितिले कृषि प्रयोजनका नाममा गुरुयोजना विपरीतप्रयोग गरेपछि खेलाडीले कबर्डहलको खेल मैदान प्रयोग गर्न नपाएको स्थानीय बताउँछन्। स्थानीय रमेश पन्तले राष्ट्रिय टोली र अन्य विभागीय टोलीमा समेत कञ्चनपुरकै खेलाडीको वचर्स्व रहेको बताउँदै जिल्लास्तरमा खेलका पूर्वाधार नहुनु विडम्बना भएको बताए।

# विदेशबाट आउनेले ल्याएका सामग्रीको आम्दानीको स्रोत खोजिनुपर्ने

**युग संवाददाता**
**काठमाडौँ, ११ फागुन ।**

भन्सार विभागका महानिर्देशक महेश भट्टराईले विदेशबाट फर्किने नेपालीले ल्याएका सुन, मोबाइल, ल्यापटप, क्यामेरालगायत सामग्रीको स्रोत खोजिनुपर्ने बताएका छन्। अर्थसमितिको आइतबारको बैठकमा महानिर्देशक भट्टराईले मुख्यगरी दुबई र हङ्कङबाट सुन तस्करी हुने गरेको देखिएको उल्लेख गर्दै झिटीगुण्टासम्बन्धी कानुनले तोकेअनुसार वैध रूपमा ल्याइने सुनसहितका सामग्रीको पनि आर्थिक स्रोत खोजिनुपर्ने बताए।

"झिटीगुण्टासम्बन्धी कानुनले महिलाका लागि ५० ग्राम र पुरुषको हकमा २५ ग्राम सुन ल्याउनसक्ने व्यवस्था गरेको छ। हप्तादिनका लागि दुबई घुम्न गएकाले त्यहाँबाट फर्किंदा ५० ग्राम सुन, दुईटा आइफोन, कम्प्युटर, क्यामेरालगायत सामग्री लिएर आउने प्रवृत्ति छ। दुबई र हङ्कङका विमानस्थलमा सुन पठाउने गिरोह नै हुनुपर्छ", भट्टराईले भने, "विदेशमा घुम्न जानेहरूले नेपालबाट बढीमा अमेरिकी डलर दुई हजार पाँच सय बराबर मात्रै लिएर गएका हुन्छन्। एक हप्तापछि फर्किंदा अमेरिकी डलर पाँच हजार बराबरको सुन लिएर आउँछन्। झिटीगुण्टा कानुनले तोकेको मापदण्डभित्रै भए पनि त्यसको आर्थिक स्रोत खोज्ने हो भने यो सरासर तस्करीका रूपमा लिन सकिन्छ।"

नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूलाई प्रतिदिन २० किलोसम्म सुन आयात गर्न दिने गरेको बताउँदै झिटीगुण्टाका रूपमा दैनिक त्योभन्दा बढी परिमाणको सुन नेपाल आइरहेको उहाँले उल्लेख गरे। "म त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको प्रमुखका रूपमा रहँदा त्यहाँ एक दिनमा २२ किलोसम्म सुन झिटीगुन्टाका रूपमा आएको भेटियो। त्यो सुन गरगहनाका रूपमा व्यक्तिगत प्रयोगका लागिभन्दा पनि अधिकांश बजारमा जाने गर्दछ", भट्टराईले भने।

समितिको आइतबारको बैठकमा सभापति सन्तोष चालिसेले त्रिभुवन विमानस्थल भन्सारबाट अवैध सुन भित्रिने गरेकाले वैध रूपमा ल्याइएको सुनलाई पनि भन्सार कर्मचारीले दुःख दिने गरेको व्यापक गुनासो आइरहेको बताए। उनले यस बारे महानिर्देशक भट्टराईसँग जवाफ माग्नुभएको थियो। जवाफमा महानिर्देशक भट्टराईले झिटीगुन्टा कानुनले वैध मानेको सामग्रीको पनि कुन आर्थिक स्रोतबाट खरिद भएको हो भनेर जाँचबुझ गर्नुपर्ने आवश्यकता औँल्याए।

अर्थसमितिले आइतबार 'भन्सारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८०' माथि संशोधनकर्ता सांसदहरूसँग छलफल गरेको छ। संशोधनकर्ता सांसद महेशकुमार बर्तौलाले विधेयकले अन्तरराष्ट्रिय व्यापारलाई मात्र नभई आन्तरिक व्यापारलाई पनि सहजीकरण गर्ने विषय कानुनमा अटाउनुपर्नेमा जोड दिए। त्यस्तै, भन्सारमा वस्तु घोषणा गर्दा व्यापारीका प्रतिनिधिको ठाउँमा स्वयं व्यापारी उपस्थित भएर घोषणा गरिनुपर्ने व्यवस्था कानुनमा राख्नुपर्ने उनले सुझाव दिए।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनाय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री पुष्पा बिष्ट धनी रहेको, दर्ता नम्बर ८४३५ बाट वी.न.नपा-३, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री भैरवी बलक उद्योग नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

घर निर्माण कार्यको लागि सम्झनुहोस्
हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।

प्रो. शिवराज शाही
शिवराज सप्लायर्स
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## घुँयत्रो

## "बिरसिक्का"

काँग्रेसी नेता शेखर कोईरालालाई मेजमानी गर्या २४ घण्टा नि नबित्दै फेरि महामन्त्री गगन थापाको स्वागत गर्न पाएछि ऐले सुर्खेतका काँग्रेसीहरु कुम्भको मेला नुहाएर सबै पाप पखालिएको महसुस गर्दै आनन्दले बसेका तिर्थयात्रु झैँ ऐले सुर्खेतका काँग्रेसी ,शेखर र गगनको दर्शन पछि कुम्भमै न्वाएर पाप पखालिएझैँ गरि पखाल्लियर यौटा ठूलै युध्द जितेर बस्याझैँ गरि बस्या देखिन्छन । भएभरको शक्ति लगाएर कार्यकर्ता खेडेर एरपोटाँ कार्यकर्ताको लाईन लाएर गधालाई भारी बोकायझैँ गरि नेतालाई फुलमालाको भारी बोका देख्दा सामाजिक सन्जालाँ फोटो हेर्नेलेनि सुर्खेति काँग्रेसीहरुको नौटंकिबारे मन फुकाएर कुराकाटे । भख्खरै चुनाव जित्या नेतालाई जस्तै गरि खादा र मालाको त्यति सारो ओईरो लगा देख्दा लाग्थ्यो सुर्खेतका काँग्रेसीहरले शेखर कोईरालाई पाटि सभापतियाँ जिताई सकेछन कि जस्तो । जिल्ला भित्रका एउटै दलका नेता बिचाँनि काटाकाट, मारामार र पानीबाराबार गर्ने तर जिल्ला बाईरका नेता आउँदा यो विघ्न नौटङ्कि ? सुर्खेति जन्ता नि त्यति अन्धा छैनन हो तिन्लेनि देख्या हेर्या होलाननि ! माथिमाथि घाँटी जोडने अनि जिल्लाँ आपसाँ हेरमम्ला भनेर पाखुरासिउरिँदै हिँडने यी काँग्रेसी नेताहरको चरित्र देख्दानि विचरा सोझासाझा काँग्रेस समर्थक जनता हुक्क दिक्क भै सके । काँग्रेस नै काँग्रेसलाई कसरी हराउन सकिन्छ भनेर गुठबन्दि गर्दै हिँडने यो हुललेनै सुर्खेताँ काँग्रेस सक्ने भो भन्ने चिन्ता सर्वसाधारणले गर्या सुनिन्छ तर यीनरु भने निर्धक्कसित छाति खोलेर यौटा गुठ अर्कोलाई हराउन कस्सिन्छन। सायद यै एकले अर्कोलाई कसरी हराउने भन्ने खेलाँ नै सुर्खेताँ भएभरको शक्ति लाएर शेखरको स्वागत गरे । महाधिवेशन हुने नहुने ठेगान छैन तर मान्छे उचाल्ने र पराईलाई आफ्नो आफ्नोलाई बैरी सम्झिने सुर्खेति काँग्रेसीहरु आँफ्आँफै लडेर सिध्दिन ला देख्दा कैलेकाइँ त यिनरुप्रति दया जागेर आउँछ । तर के गर्नु जति गरेनि यिनरको मति कैल्यै सप्रिदैन । ४ बर्षसम्म मरेर संगठन गर्यो गर्यो ४ बर्ष पछि आउने हरेक चुनाबाँ आफ्नो पाटिको उमेदवारलाई जिताउने भन्दानि अर्को गुठको मान्छेलाई कसरी हराउने भन्नेमा चुनावि अभियान केन्द्रीत गर्ने सुर्खेतका काँग्रेसको खेल हेर्दा हेर्दा दिक्कै मान्या यहाँका जनताले को के हुन प्रष्टै चिन्याछन । जस्ले जति नाटक गरेनि तिमरको हैसियत यतिसम्मछ भन्ने बुझ्नेले सबै बुझ्केकैछन ह्याँ के बुझाई राख्नु पर्यो हैन्त ! "सुर्खेत काँग्रेसका चरित्र कौन नजाने भैया " । अस्तु !

## विज्ञापन दर/रेट सम्बन्धी सूचना

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २०००/- | रु. १८००/- |
| भित्री पृष्ठ | रु. १५००/- | रु. १२००/- |
| अन्तिम पृष्ठ | रु. १७००/- | रु. १५००/- |

**वर्गीकृत**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५००/- | रु. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७०/- |

**ज्याकेट १ पेज रु. ८,००,०००/-**

नोटः उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेलः yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यवस्था भएको साथै विदेशीसँग कुराकानीको व्यवस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत
SAMEL AGRICULTURE PVT.LTD. SURKHET 2075
हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।

budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः भवानी छापाखाना, सुर्खेत ।